आलिताल गाउँपालिका, डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

# प्रथम ऐतिहासिक गाउँसभा

२०७४ साल भाद्र १२ गते सोमबार

अध्यक्ष श्री बलबहादुर गुरुङ्ग द्वारा प्रस्तुत् भई
गाउँ सभाबाट पारित

## आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को नीति, कार्यक्रम, बजेट तथा निर्णयहरु

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

आलिताल गाउँपालिकाको यस ऐतिहासिक प्रथम गाउँसभाको सभाध्यक्ष महोदय, प्रमुख अतिथि जिल्ला समन्वय समिति डडेल्धुराका प्रमुख श्री गणेशराज भट्ट ज्यू, विशिष्ट अतिथी जि.वि.स. डडेल्धुराका पूर्व सभापति श्री रघुवर भट्ट ज्यू, बिशिष्ट अतिथी नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य श्री जनक प्रसाद कलौनी ज्यु, सम्पुर्ण वडा अध्यक्ष ज्युहरु एवम् कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभाका सभासद् ज्यूहरु, स्थानीय स्तरका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, पूर्व गाविस अध्यक्ष, उपाध्यक्षज्यूहरु, समाजसेवी, बुद्धिजीवि महानुभावहरु, वि.व्य.स.अध्यक्ष, सदस्यज्यूहरु एवं शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरु, विभिन्न कार्यालय तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न विद्यालयका प्र.अ. ज्यूहरु तथा शिक्षक प्रतिनिधिहरु, पत्रकार मित्रहरु, विभन्न संघसंस्था तथा क्लबका प्रमुख तथा प्रतिनिधिज्यूहरु, महिला सञ्जालका प्रमुख तथा प्रतिनिधिज्यू, दलित नेटवर्क तथा संघ संस्थाका प्रमुख प्रतिनिधिज्युरु, बाल सञ्जालका प्रमुख प्रतिनिधिज्यू, अल्पसंख्यक, अपांग संघ संस्था तथा सञ्जालका प्रमुख तथा प्रतिनिधिज्यू, सुरक्षाकर्मीज्यूहरु, लगायत उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपालको गणतान्त्रिक संविधान २०७२ जारी भएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचनमा आलिताल गाउँपालिकाबासीले हामीलाई विश्वास गरी जनप्रतिनिधीको रुपमा चयन गर्नु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्दै सबैलाई बधाई ज्ञापन गर्दछु । संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासनका साथै यस क्षेत्रको विकास र समृद्धिका लागि पहिलो पटक आलिताल गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय गाउँ सभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरवान्वित भएको छु ।

राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु ।

हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ, र हाम्रो भविष्य उज्जवल र सम्भावनायुक्त छ । यसलाई आलिताल गाउँपालिका निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन । हमीले राजनीतिक क्षेत्रमा ऐतिहासिक फड्को मारेका छौ । संविधान घोषण भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनर्स्थापित भएको छ ।यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

राष्ट्रियता, मानवअधिकार, लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा आलिताल गाउँपालिकाको नेत्तृत्व सधैं सर्मपित रहने छ । सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ शासन व्यवस्थाको अभ्यासको थालनी भएको छ । संविधानको व्यवस्थाले राज्यको पुनर्संरचना गर्दै व्यवस्थाकि, कार्यपालिका र न्यायपालिका सहितको अधिकार सम्पन्न स्थानीय तह गठन भएको छ । स्वाभिमान र आर्थिक समृद्धिका लागि जनमुखी शासन व्यवस्था, लोककल्याणकारी राज्य प्रणाली र सामाजिक सुरक्षा अवधारणा तथा विकास निर्माणमा जनताको सहभागीता एवं जन-लेखापरीक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्यले अपनाउनु पर्ने व्यवस्थाप्रति गाउँपालिकाको नेतृत्व सदैव प्रतिवद्ध रहेका छौं ।

आदरणिय मित्रहरु ,

सर्वप्रथम त म यस आलिताल गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्दछु ।

- नेपालको संविधान २०७२ बमोजिम गठन भएका स्थानीय तहमध्ये डडेल्धुरा जिल्लाको साविकका २ वटा गा.वि.स.हरु गाङ्खेत र आलिताल समेटेर बनेको यस आलिताल गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन ।
- डडेल्धुरा जिल्लाका गाउँपालिका मध्ये यो गाउँपालिका क्षेत्रफलमा सबैभन्दा ठूलो र जनसंख्यामा दोस्रो स्थानमा पर्दछ ।

बलबहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

- यसको पूर्वमा डोटी जिल्ला, पश्चिममा परशुराम न.पा., उत्तरमा अमरगढी न.पा. र भागेश्वर गा.पा. र दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला अवस्थित छन । यस गाउँपालिकाको केन्द्र साविक आलिताल गा.वि.स.को कार्यालय नै हो ।
- वि.सं.२०६८ सालको जनगणना अनुसार यहाँको जनसंख्या १८५३१ जना रहेको छ जसमध्ये ८९४६ जना पुरुष र ९५८५ जना महिला रहेका छन भने परिवार संख्या ३२८० रहेको छ ।
- ८०°२६′ देखि ८०°३७′ उत्तरी अक्षांशसम्म र २८°५९′ देखि २९°१४′ पूर्वी देशान्तरसम्म फैलिएको यसको क्षेत्रफल २९२.८७ वर्ग कि.मि. रहेको छ ।
- यस गाउँपालिकामा सबैभन्दा धेरै डोटेली भाषी, दोस्रो नेपाली र तेस्रोमा मगर भाषा बोल्नेको बाहुल्यता रहेको छ भने जातजातिको हिसाबले यहाँ क्षेत्री पहिलो, मगर दोस्रो र दलित तेस्रो रहेको पाईन्छ ।
- ६५.९२ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा पुरुष साक्षरता ७७.४२ प्रतिशत र महिला साक्षरता ५५.३२ रहेको पाईन्छ ।
- यस गाउँपालिकाको नाम यस क्षेत्रकै ठूलो र प्रसिद्ध ताल "आलिताल" को नामबाट रहन गएको हो जुन हाल वडा नं. ३ अन्तर्गत अवस्थित छ ।
- यहाँका प्रमुख चाड पर्वहरुमा दशैं, तिहार, गौरा पर्व, तीज, महाशिवरात्री पर्व, माघे सकान्ति आदी पर्दछन् ।

आदरणिय मित्रहरु,

अब म गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा अवलम्बन गरिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु,
- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- नेपाल सरकारबाट आ.व. २०७४/०७५ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, विभिन्न सन्धी सम्झौताहरु,
- न्यायलयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजीर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरु
- चौधौं आवधिक योजना,
- सहस्राब्दी विकास लक्ष्य,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु ।

आदरणीय महानुभावरु,
योजना/आयोजना /कार्यक्रम प्राथमिकिकरणका आधारहरु पस्तुत गर्दछु :

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- परम्परागत धर्म संस्कृति, चाडपर्व मेला आदिको माध्यमबाट संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- आलिताल गाउँ कार्यपालिका बोर्डले आवस्यक देखेका अन्य विषयहरु,

आदरणीय महानुभावहरु ,
यस आलिताल गाउँपालिकामा देखिएका केही अवसरहरु प्रस्तुत गर्न चाहन्छु :-

अवसरहरु :

- प्राकृतिक स्रोत साधन जस्तै बन जंगल, ढुङ्गा, गिट्टी, बालुवा आदीको सदुपयोगबाट स्थानीय स्तरमा रोजगारी प्रबर्द्धनका साथै आर्थिक विकास गर्न सकिने ।
- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक लगायत विभिन्न देवी देवताका मन्दिर रहेका ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सकिने ।
- एक गाउँ, एक उत्पादनको अवधारणा अनुरुप व्यवसायिक पशुपालन, मौरीपालन, फलफूल खेती, तरकारी खेती लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायकालागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन तथा विकास गर्न सकिने ।
- वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्योगहरुको स्थापना तथा विकास गर्न सकिने, आदी ।

आदरणीय महानुभावहरु ,

यी सबै अवसरहरु हुँदाहुँदै पनि यस आलिताल गाउँपालिकाको विकासमा तमाम समस्या र चुनौतिहरु पनि रहेका छन्, जुन यस प्रकार छन् ।

- बिकट तथा अप्ठेरो भौगोलिक बनावट (दुर्गम डांडा पाखा-पहरा, खहरेखोला, कमजोर सतहयुक्त जमिन,
- बाटोघाटो तथा यातायातको असुविधा,
- प्रकृतिक स्रोत साधनको उपयोग हुन नसक्नु,
- सकारात्मक सोच तथा चेतना स्तरमा कमी,
- चुनौतीपूर्ण संघीयता कार्यान्वियन,
- आपसी सहयोग र सदभावको कमी,
- स्थानीय उत्पादनले बजार पाउन नसक्नु,
- सार्वजनिक निर्माणको गुणस्तरीयतामा कमी,
- विद्युत तथा सञ्चार सुविधामा कमी,
- बेरोजगारी र गरिबी,
- दक्ष कर्मचारी तथा मानवस्रोतको कमी, आदी ।

आदरणीय महानुभावहरु ,

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी गाउँपालिकाको नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छु । गाउँ कार्यपालिकाको बोर्ड बैठक बाट पारित गरि यस सम्मानित सभाबाट अनुमोदनकालागि प्रस्ताव गरिएका विभिन्न विषयगत् नीति तथा कार्यक्रमहरु बिस्तृत रुपमा यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. राजनीतिक सहमति, सुशासन र जनमुखि प्रशासन:

- यस गाउँ कार्यपालिका तथा गाउँसभामा प्रतिनिधित्व गर्ने सम्पुर्ण राजनीतिक दलहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतामा विशेष जोड दिइनेछ ।
- वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकता दिई निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- जनतासंग प्रत्यक्ष सरोकार राख्ने र जनताको सेवाका लागि आवश्यक गा.पा. तथा वार्ड स्तरीय विभिन्न विषयगत सरकारी कार्यालयहरुको भौतिक संरचनाहरु निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- गाउँपालिकामा केन्द्रमा सुविधायुक्त सभाहल निर्माण गर्न आवश्यक कार्यप्रक्रिया अघि बढाईएको छ ।
- गाउँपालिकाले सञ्चालन गरेका हरेक नीति तथा कार्यक्रमहरु स्थानीय मिडियाहरु मार्फत आवधिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका राख्ने, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको सार्वजिक होर्डिङ्ग बोर्ड राख्ने, साथै सञ्चालित योजना स्थलहरुमा समेत सम्बन्धित योजना बोर्ड राख्ने, राख्न लगाइनेछ ।
- गाउँपालिका क्षेत्रमा काम गरिरहेका स्थानीय बाल क्लब, युवा क्लब, सामुदायिक संघ संस्था र गैससहरुलाई कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गर्ने । साथै गाउँपालिकामा काम गर्न आउने राष्ट्रिय तथा अन्र्तराष्ट्रिय गैसस र संयुक्त राष्ट्र संघीय निकायहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन एकद्वार प्रणाली अनुरुप गाउँपालिका कार्यालयमा संघ संस्था सूचिकृत गर्ने र कार्यक्रम सञ्चालनको लागि लिखित समझदारी गर्ने, र गैससहरु मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको स्थानीय तहबाट अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाईनेछ ।
- समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, भ्रष्टाचार, घरेलुहिंसा जस्ता अमानवीय क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणमा जोड दिइनेछ ।
- सु-शासनमा जनप्रतिनिधीहरु लगायत स्थानीय युवा तथा अगुवा समाजसेवीहरुको भूमिका प्रोत्साहित गर्न उनीहरुलाई विभिन्न किसिमका तालिम तथा अध्ययन अवलोकन कार्यक्रमहरु संचालन गरिनेछन् ।

२. कृषि तथा पशु विकास:

- व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी स्थानीय किसानहरुको जीवनस्तर उकास्न सहयोग गरिनेछ ।
- नेपालकै अर्गानिक् मह उत्पादन क्षेत्रको रुपमा परिचित यस गाउँपालिकालाई मौरीपालन सम्वन्धी पकेट क्षेत्र घोषणा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कृषिलाई यान्त्रिकरण गर्दै आधुनिक तथा वैज्ञानिक खेति प्रणाली सम्बन्धी कार्यक्रम बनाई लागु गरिनेछ ।
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरि किसानको आयस्तर बृद्धि गर्न गाउँपालिका अन्तरगतकृषि अध्ययन, अनुसन्धान केन्द्र लगायत सहुलियत दरमामल, बिउ, औषधी बिक्री केन्द्र स्थापना तथा सञ्चालनमा आवश्यक सहयोग गरिनेछ ।
- कृषिमा विविधिकरण र व्यवसायिकरणका लागि सम्भावित स्थानहरुमा कृषि तथा पशु हाटबजार संचालन गरिनेछ ।
- अगुवा कृषक तथा युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरुमा (तरकारी खेती, फलफूल खेती, बाखा पालन, बंगुर पालन, हाँस-कुखुरापालन, माछा पालन आदि) आबद्ध गराई रोजगारी तथा आयआर्जनमा बृद्धि गर्न अनुदान, ऋण तथा तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका तथा वडाहरुमा पशु विकास सेवा केन्द्र स्थापना एवं सञ्चालन गरी पशुस्वास्थ्य सेवालाई सहज र सर्वसुलभ बनाईनेछ ।
- गाउँपालिकाको सदरमुकाम तथा अन्य सम्भावित स्थानमा दुग्ध बिकास केन्द्र/दुग्ध संकलन केन्द्र र कृषि तथा पशु बिमा केन्द्र, आदि स्थापना गरी संचालन गरिनेछ ।
- किसानहरुलाई किसान परिचयपत्रको व्यवस्था गरिनेछ ।
- विभिन्न कृषि तथा पशुजन्य व्यवसायको लागि सम्भावित वडा तथा बस्तीहरुलाई सम्बन्धित व्यवसायको पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तथा अन्य सरोकारवाला निकायहरुको सहकार्यमा जिविकोपार्जन सुधार सम्बन्धि रणनीतिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

बलबहादुर गुरुङ

१. राजनीतिक सहमति, सुशासन र जनमुखि प्रशासनः

- यस गाउँ कार्यपालिका तथा गाउँसभामा प्रतिनिधित्व गर्ने सम्पुर्ण राजनीतिक दलहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतामा विशेष जोड दिइनेछ ।
- वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकता दिई निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- जनतासंग प्रत्यक्ष सरोकार राख्ने र जनताको सेवाका लागि आवश्यक गा.पा. तथा वार्ड स्तरीय विभिन्न विषयगत सरकारी कार्यालयहरुको भौतिक संरचनाहरु निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- गाउँपालिकामा केन्द्रमा सुविधायुक्त सभाहल निर्माण गर्न आवश्यक कार्यप्रक्रिया अघि बढाईएको छ ।
- गाउँपालिकाले सञ्चालन गरेका हरेक नीति तथा कार्यक्रमहरु स्थानीय मिडियाहरु मार्फत आवधिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका राख्ने, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको सार्वजिक होर्डिङ्ग बोर्ड राख्ने, साथै सञ्चालित योजना स्थलहरुमा समेत सम्बन्धित योजना बोर्ड राख्ने, राख्न लगाइनेछ ।
- गाउँपालिका क्षेत्रमा काम गरिरहेका स्थानीय बाल क्लब, युवा क्लब, सामुदायिक संघ संस्था र गैससहरुलाई कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गर्ने । साथै गाउँपालिकामा काम गर्न आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस र संयुक्त राष्ट्र संघीय निकायहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन एकद्वार प्रणाली अनुरुप गाउँपालिका कार्यालयमा संघ संस्था सूचिकृत गर्ने र कार्यक्रम सञ्चालनको लागि लिखित समझदारी गर्ने, र गैससहरु मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको स्थानीय तहबाट अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाईनेछ ।
- समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, भ्रष्टाचार, घरेलुहिंसा जस्ता अमानवीय क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणमा जोड दिइनेछ ।
- सु-शासनमा जनप्रतिनिधीहरु लगायत स्थानीय युवा तथा अगुवा समाजसेवीहरुको भूमिका प्रोत्साहित गर्न उनीहरुलाई बिभिन्न किसिमका तालिम तथा अध्ययन अवलोकन कार्यक्रमहरु संचालन गरिनेछन् ।

२. कृषि तथा पशु विकासः

- व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी स्थानीय किसानहरुको जीवनस्तर उकास्न सहयोग गरिनेछ ।
- नेपालकै अर्गानिक् मह उत्पादन क्षेत्रको रुपमा परिचित यस गाउँपालिकालाई मौरीपालन सम्वन्धी पकेट क्षेत्र घोषणा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कृषिलाई यान्त्रिकरण गर्दै आधुनिक तथा वैज्ञानिक खेति प्रणाली सम्बन्धी कार्यक्रम बनाई लागु गरिनेछ ।
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरि किसानको आयस्तर बृद्धि गर्न गाउँपालिका अन्तरगतकृषि अध्ययन, अनुसन्धान केन्द्र लगायत सहुलियत दरमामल, बिउ, औषधी बिक्री केन्द्र स्थापना तथा सञ्चालनमा आवश्यक सहयोग गरिनेछ ।
- कृषिमा विविधिकरण र ब्यवसायिकरणका लागि सम्भावित स्थानहरुमा कृषि तथा पशु हाटबजार संचालन गरिनेछ ।
- अगुवा कृषक तथा युवा जनशक्तिलाई ब्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरुमा (तरकारी खेती, फलफूल खेती, बाखा पालन, बंगुर पालन, हाँस-कुखुरापालन, माछा पालन आदि) आबद्ध गराई रोजगारी तथा आयआर्जनमा बृद्धि गर्न अनुदान, ऋण तथा तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका तथा वडाहरुमा पशु विकास सेवा केन्द्र स्थापना एवं सञ्चालन गरी पशुस्वास्थ्य सेवालाई सहज र सर्वसुलभ बनाईनेछ ।
- गाउँपालिकाको सदरमुकाम तथा अन्य सम्भावित स्थानमा दुग्ध बिकास केन्द्र/दुग्ध संकलन केन्द्र र कृषि तथा पशु बिमा केन्द्र, आदि स्थापना गरी संचालन गरिनेछ ।
- किसानहरुलाई किसान परिचयपत्रको व्यवस्था गरिनेछ ।
- विभिन्न कृषि तथा पशुजन्य व्यवसायको लागि सम्भावित वडा तथा बस्तीहरुलाई सम्बन्धित व्यवसायको पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तथा अन्य सरोकारवाला निकायहरुको सहकार्यमा जिविकोपार्जन सुधार सम्बन्धि रणनीतिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

बलबहादुर गुरुङ

### ३. भू-उपयोग नीति:

- गाउँपालिका क्षेत्रभित्र उपलब्ध भूमिको अधिकतम उपयोगका लागि वैज्ञानिक भू-उपयोग गुरु योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- आलिताल-५स्थित गाउँ कार्यपालिका कार्यालयले ओगटेको सार्वजनिक जग्गा नियमानुसार गाउँपालिका कार्यालयको स्वामित्व कायम गरी उक्त क्षेत्रमा गाउँपालिका कार्यालय र विषयगत सार्वजनिक कार्यालयहरु रहने गाउँपालिका सदरमुकामको रुपमा विकास गरिनेछ ।
- जनताले घर, घरेडी, खेतिपाती, व्यवसाय तथा यस्तै अन्य प्रयोजनका लागि भोगचलनमा ल्याएका पर्ति ऐलानी जग्गाहरु नियमानुसार सम्बन्धित व्यक्तिहरुको नाउँमा दर्ता गरी जग्गा धनी प्रमाण पूर्जा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- विभिन्न सामुदायिक संघ, संस्था, विद्यालय, बजार क्षेत्र, मठ मन्दिर, चौतारो आदिले भोगचलन गरेको जग्गाहरु छुट्याई नियमानुसार सम्बन्धित संघ संस्थाको नाममा स्वामित्व कायम गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अर्न्तगत रहेका अति विपन्न र लोपोन्मुख सामुदाय/परिवारका लागि आवास व्यवस्थापनका साथै आवश्यक आयमूलक कार्यक्रम संचालन गरी जीविकोपार्जनमा सहयोग पुऱ्याइनेछ ।
- गाउँपालिका अर्न्तगत बाढी पहिरोबाट उच्च जोखिममा रहेका बस्ती तथा समुदायलाई उचित बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका भूमिहिन, मुक्तहलिया तथा सुकुम्बासीहरुको पहिचान गरी उचित स्थानमा बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

### ४. सिंचाई तथा जलाधार:

- गाउँपालिका अर्न्तगत बिगत देखि संचालित कुलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नति गर्ने कार्यमा विशेष जोड दिइनेछ ।
- साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ तथा ठूला सिंचाई आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- सिचाई सुबिधा बिस्तार गर्नु पर्ने बस्तीहरुको आवश्यक्ता, श्रोत तथा सम्भाव्यता हेरी कुलो, नहर, पोखरी, लिफ्ट, थोपा सिंचाई आदी विविध प्रविधीमा आधारित सिंचाई सुविधा निर्माण गरि कृषि उत्पादनमा बिशेष जोड दिने ।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी पानीका मुहान तथा जलाधार क्षेत्र, जैविक विविधताको संरक्षण, बाढी पहिरो नियन्त्रण कार्यमा विशेष जोड दिइनेछ ।

### ५. शान्ति सुरक्षा तथा सामाजिक न्याय:

- गाउँपालिका क्षेत्र भित्र शान्ति, अमनचयन र जनताको जीउधनको सुरक्षाको निमित्त आलिताल तथा गाड्खेत प्रहरी चौकीलाई थप व्यवस्थित, क्रियाशील र जनमुखी बनाउन आवश्यक पहल गरिनेछ ।
- आम नागरिकलाई चुस्त, दुरुस्त र भरपर्दो सुरक्षा व्यवस्थाको महशुस गराउन, गाउँपालिकाको स्रोतसाधनको आधारमा स्थानीय युवा युवतीहरुलाई सामुदायिक स्वयम्सेवक एवं प्रहरीको रुपमा भर्ना गरी परिचालन गरिनेछ ।
- समुदायमा हुने विभिन्न खाले घटना तथा मुद्दा ममिलाहरु निष्पक्ष र न्यायोचित रुपमा छिनोफानो गरी जनतालाई न्यायको प्रत्याभुति दिलाउन नियमानुसार न्यायिक समिति गठन गरि परिचालन गरिनेछ ।
- समाजमा विद्यमान जुवातास, मदिरा, धुम्रपान लगायत विभिन्न अवैध लागु पदार्थ र अन्य अवैध क्रियाकलापहरुको नियमन, नियन्त्रण र निषेध सम्बन्धमा स्थानीय जनताको राय, सल्लाह र सुझाव बमोजिम आवश्यक नियम तथा कार्यविधिहरु बनाई लागू गरिनेछ । ऐतिहासिक पृष्ठभूमि बोकेका स्थानीय शहिद तथा व्यक्तित्वहरुलाई स्मरण तथा सम्मान गर्न आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

### ६. सडक यातायात/पुल पुलेसा:

- गाउँपालिका अन्तरगत निर्माणाधिन सम्पूर्ण ग्रामिण तथा कृषि सडकहरुलाई निरन्तरता दिदै तिनको स्तरोन्नतिमा विशेष जोड दिदै आवश्यकतानुसार नयाँ सडकहरु निर्माण गरिनेछन् ।

बलबहादुर गुरुङ्ग

- गाउँपालिकाभित्रका सम्पूर्ण बस्तीहरुलाई सडक सञ्जालले जोडिनेछ ।
- गोदाम बजार देखि गाउँपालिका केन्द्र बीच पर्ने सुनखोला, रंगुन नदीको घुम्ती-आलिताल, मणेलाघाट, जाल्टुंडा-बेल्भाडी, गाँखेत खोला, लगायत बिभिन्न सडक मार्गहरुमा पर्ने खोलाहरुमा यथासक्य शीघ्र सडक पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत आवश्यक नदी/खोलाहरुमा झोलुङ्गे पुल, काठेपुल निर्माणका साथै गोरेटो/घोरेटो बाटो निर्माण गरी आवत-जावतमा सहजता ल्याईनेछ ।

७. बिद्युत तथा उर्जा:

- गाउँपालिका भित्रका सम्पूर्ण गाउँ बस्तीहरुमा यथासक्य शीघ्र बिद्युत सुविधा पुऱ्याउन विद्युत लाईन विस्तार तथा मर्मत सुधार कार्यलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ ।
- सम्भाब्य स्थानहरुको अध्ययन गरी स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा विभिन्न बैकल्पिक उर्जा तथा विद्युत सम्बन्धी अन्य योजना तथा कार्यक्रमहरु (लघु जलविद्युत, सोलार सिस्टम आदि) सञ्चालन गरि विद्युत सेवामा बृद्धि गरिनेछ ।

८. धार्मिक, सांस्कृतिक तथा पर्यटन विकास:

- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक आदि ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछन ।
- गाउँपलिका अन्तरगत रहेका विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछन ।
- स्थानीय कला संस्कृतिको संरक्षण, संबर्द्धन र विकासका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछन ।

९. सूचना तथा सञ्चार:

- गाउँपालिका अन्तर्गत आवश्यक पर्ने ठाउँमा अत्याधुनिक दूरसञ्चार टावर निर्माण गराई सञ्चार सेवाहरु सर्वसुलभ बनाईनेछन ।
- गाउँपालिका भित्रको हुलाक सेवालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एफ.एम. तथा पत्रपत्रिका सञ्चालन गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई नियमानुसार अनुमति प्रदान गर्नका साथै अन्य आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, राजश्व संकलन, पञ्जिकरण आदी व्यवस्थापनकालागि कार्य सञ्चालन अझ छिटोछरितो र प्रभावकारी बनाउन सफ्टवेयर प्रणाली लागु गरिनेछ ।
- गाउँ कार्यपालिका कार्यालयमा एक सूचना शाखा खडा गरि सूचना प्रणलीलाई व्यवस्थित गरिनेछ ।

१०. वन तथा वातावरण विकास:

- जमिन, जल, जंगल तथा स्थानीय प्राकृतिक स्रोत साधनको दिगो उपयोगका लागि संरक्षण सम्वर्द्धन र उपयोग योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- वन तथा वातावरणको संरक्षण सम्बर्द्धन तथा दिगो उपयोग र बिकासका लागि वन बिज्ञको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै बैज्ञानिक वन व्यवस्थापन नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- निजी वन, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक वनहरुबाट काठ संकलन र बिक्री वितरण प्रकृयालाई नियमानुसार परिमार्जन गरी काठको स्थानीय माँगलाई सुलभ बनाउन आपूर्ति समिति मार्फत उचित मूल्यमा काठ दाउरा सदुपयोग तथा बिक्री बितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- "स्वच्छ र सुन्दर आलिताल" भन्ने अभियानका साथ गाउँपालिका अन्तरगत रहेका विभिन्न सार्वजनिक स्थलहरु लगायत खाली क्षेत्रमा बृक्षारोपण गरी स्वच्छ, सफा र हराभरा वातावरण निर्माण गरिनेछ ।

बलबहादुर गुरुङ

- यस क्षेत्रमा रहेका अमूल्य र दुर्लभ बनस्पति तथा बन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

११. शिक्षा:

- गाउँपालिका अन्तरगत स्थापित बाल बिकास केन्द्र, आधारभूत लगायत माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा शैक्षिक एवं भौतिक गुणस्तर सुधारका लागि आवश्यक विभिन्न कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछन ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान गरी अपुग तथा निजी स्रोतका शिक्षकहरुको लगत संकलन गरी सेवा सुविधाको ब्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । साथै गाउँपालिकाको आन्तरिक स्रोतको आधारमा शिक्षकहरुको न्यूनतम् सेवासुविधा उपलब्ध गराउन समुदायलाई अनुदान सहयोग गर्ने तर्फ आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।
- विद्यालयहरुको अवस्था अध्ययन गरी आवश्यकता अनुसार भवन निर्माण, घेरबार, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, पुस्तकालय, वाचनालय, प्रयोगशाला आदिको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रका बिभिन्न विद्यालयहरुमा ईन्जीनियरिङ्ग, स्वास्थ्य, कृषि, भेटेरीनरी, पत्रकारिता जस्ता बिभिन्न प्राविधिक शिक्षा सम्बन्धी कक्षा संचालन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।
- स्थानीय स्तरमा नै उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न आलिताल बहुमुखी क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुका लागि बाल विकास केन्द्र स्थापना गरी सञ्चालन गरिनेछन ।
- अनौपचारिक तथा जीवनोपयोगी शिक्षाको लागि सामुदायिक अध्ययन केन्द्रको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउन प्रोत्साहन गरिनेछ ।
- सर्वोत्कृष्ट नतीजा सहित जेहेन्दार विद्यार्थी उत्पादन गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरुस्कार तथा अन्य आवश्यक सहयोग उपलब्ध गराईनेछ ।
- गाउँपालिका अन्तरगत एसइइ (SEE) परिक्षामा सर्बोत्कृष्ट अंकका साथ उत्तिर्ण भई प्राविधिक शिक्षा हाँसिल गर्न चाहने छात्र छात्रा (२ जना) लाई छात्रबृत्ति प्रदान गरिनेछ ।

१२. स्वास्थ्य, पोषण तथा सुरक्षित मातृत्व:

- गाउँपालिका सदरमुकाममा कम्तिमा २५ सैया क्षमता भएको सुबिधा सम्पन्न अस्पताल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- एम्बुलेन्स खरिदका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका स्वास्थ्य सेवा केन्द्र/बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिने, साथै प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा केन्द्र र बस्तिहरुमा स्वास्थ्य क्लिनिक/खोप केन्द्रहरु स्थापना गरी स्वास्थ्य सेवा सर्वसुलभ बनाईनेछ ।
- आबधिक रुपमा वडा तथा समुदाय स्तरमा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिबिर संचालन गरिनेछन ।
- नेपाल सरकारले नि:शुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट नि:शुल्क उपलब्ध गराइनेछ ।
- मुटु, मृगौला, क्यान्सर जस्ता जटिल रोगबाट पीडित रोगीहरुको उपचारका लागि गाउँपालिकाबाट बिशेष सहयोग उपलब्ध गराईनेछ ।
- अति विपन्न, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला/पुरुष तथा बेसहारा वर्गहरुका लागि नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका अन्तरगत रहेको आयुर्बेदिक अस्पताल/औषधालयलाई डाक्टर सहित स्तरोन्नति गरी स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- स्वस्थ स्वास्थ्यका लागि योग शिक्षाको माध्यमबाट सुखी जीवन जिउने उत्प्रेरणा अभिबृद्धि गर्न गाउँपालिका सदरमुकाममा योग शिक्षा केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

बलबहादुर गुरुङ

- एक घर एक करेसाबारीको अभियान संचालन गरी खाद्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- समुदायस्तरमा स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान दिँदै आएका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको उत्प्रेरणा अभिवृद्धि गर्न आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

१३. निजी क्षेत्र र लगानी मैत्री बातावरण:

- गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधनको अध्ययन र अनुसन्धान गरी निजी लगानीमा उद्योग व्यवसाय सञ्चालन गर्न लगानी मैत्री वातावरण सृजना गरिनेछ ।
- स्थानिय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला उद्योग, कृषि तथा पशुजन्य उद्योग, सहकारी आदी सरकारी एवं सामुदायिक स्तरबाट संञ्चालन गरि रोजगारीको अवसर श्रृजना गरिनेछ ।
- वन पैदावारमा आधारित उद्योगहरु, जडीबुटी तथा खोटो संकलन तथा प्रशोधन उद्योग, स: मिल, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन उद्योग आदिको स्थापना तथा प्रर्वद्धन गरी स्थानीय स्तरमा रोजगारी श्रृजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र खेर गई रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गरी गाउँपालिकाको आर्थिक श्रोत बृद्धि गर्न सम्भाब्यता अध्ययन गरी क्रसर उद्योग, ब्लक, ह्युमपाईप आदि उद्योग स्थापनाको लागि पहल गरिनेछ ।
- होटल व्यवसायलाई प्रोत्साहित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१४. खानेपानी र सरसफाई:

- गाउँपालिकामा खानेपानी, सरसफाई तथा जलाधार संरक्षणको क्षेत्रमा कार्यरत निकाय "ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP)" को सहयोग र सहकार्यबाट दीर्घकालीन गुरुयोजनाको आधारमा गाउँपालिका अन्तर्गतका सम्पूर्ण टोल बस्तीहरुमा शुद्ध खानेपानी सर्वसुलभ गराईनेछ ।
- गाउँपालिका अन्तरगत बिगतमा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने, साथैबस्ती स्तरको सम्भाब्यता अध्ययन गरी आवश्यकता अनुसार नयाँ खानेपानी योजनाहरु संचालन गरी सम्पन्न गरिनेछन् ।
- स्रोतको अभावमा खानेपानीको सुविधाबाट बञ्चित गाउँ बस्तीहरुमा सम्भाब्यता अध्ययन गरी लिफ्ट खानेपानी वा अन्य प्रविधीबाट शुद्ध खानेपानी उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- शुद्ध खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- खानेपानीको दिगोपनका लागि मुहान संरक्षण, घेरबार, बृक्षारोपण जस्ता बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।
- फोहरमैला बर्गीकरण गरी उचित ब्यवस्थापन गर्न Sanitary Landfill Site को व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका बजार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तथा अन्य सरोकारवाला निकायहरुको सहकार्यमा स्वास्थ्य तथा पुर्ण सरसफाई सम्बन्धी रणनीतिक योजना बनाई कार्यान्वयन गरिने छ ।

१५. बजार नियमन तथा उपभोक्ता हित संरक्षण:

- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका र सञ्चालन हुने सम्पूर्ण उद्योग, व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता एवं नवीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- उपभोक्ताको हित तथा अधिकार संरक्षण र सम्बर्द्धनको लागि बजार व्यवस्थापन समिति मार्फत निरन्तर बजार अनुगमन गर्ने, उपभोक्ता जागरण अभियान संचालन गर्ने र उपभोक्तालाई अनावश्यक ठगीबाट बचाउन प्रत्येक पसलमा अनिवार्य मूल्य सूचि राख्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकामा उपभोक्ता हित संरक्षण इकाई गठन गरी उपभोक्ताका समस्या र गुनासाहरुको सुनुवाई गरी समस्या समाधान गर्ने परिपाटीको थालनी गरिनेछ ।
- मदिराजन्य, सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा उपभोग व्यवस्थित बनाउन आवश्यक नीति तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

बलबहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डँडेलधुरा
७ नं. प्रदेश, नेपाल

१६. बस्ती बिकास तथा बजारीकरण:

- गाउँपालिका अन्तर्गत् सम्भाब्य स्थानहरुमा एकिकृत बस्ती बिकास गुरुयोजना तथा बजारीकरणकालागि आवश्यक पूर्वाधारहरु सहित मापदण्डहरु निर्धारण गरि कार्यान्वयन गरिनेछ ।
- भवन निर्माण आचार संहिता निर्माण गरि गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा नीजि भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सा पास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ ।
- गाउँ बस्तीस्तरमा टोल सुधार समिति गठन तथा परिचालन गरी सरसफाइ लगायत अन्य सुधारात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

१७. खेलकुद विकास:

- खेलकुदको विकासको लागि व्यबस्थित र सुविधा सम्पन्न आलिताल रंगशाला तथा खेलमैदान निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- युवा लक्षित कार्यक्रम अन्तरगत उत्कृष्ट खेलाडी कार्यक्रम तथा खेलाडी उत्पादन गर्न खेल सामाग्रीहरु तथा खेल प्रशिक्षकहरुको आवश्यक व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा आबधिक रुपमा खेलकुद प्रतियोगिता आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गरिनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलाडीहरुलाई उच्च सम्मान सहित रोजगारीको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

१८. प्राकृतिक स्रोत व्यवस्थापन:

- जल, जमिन,जंगल जस्ता प्राकृतिक स्रोत र साधनको दिगो उपयोगका लागि निम्न संरक्षण, सम्वर्द्धन तथा उपयोग योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- जलस्रोत संरक्षण र उपयोग योजना ।
- बन पैदाबारको संरक्षण, सम्बर्द्धन, उत्पादन र उपयोग योजना ।
- पर्ति (बाँझो) जमिन, ऐलानी जमिन व्यवस्थापन तथा उपयोग योजना ।
- ढुंगा, गिट्टी, बालुवा प्रवर्द्धन तथा सदुपयोग योजना ।

१९. स्थानीय कर तथा स्रोत अभिबृद्धि:

- सम्पूर्ण उद्योग धन्दा तथा व्यापार व्यवसायहरुलाई अभिलेखिकरण गरी कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोतहरु बृद्धि गरिनेछ ।
- स्थानीय तहबाट लिईने कर, राजश्व, शुल्क आदी व्यवस्थित र नियमन गरि राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक बस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।
- गाउँपालिका अन्तरगतका सडकहरुमा चल्ने विभिन्न सवारी साधनहरुबाट कानून बमोजिम सापेक्षित पटके कर निर्धारण तथा संकलन गरी प्राप्त आम्दानी सडक मर्मत सुधार कार्यमा खर्च गरिनेछ ।

२०. नदी नियन्त्रण/तटबन्ध र विपद् व्यवस्थापन:

- रंगुननदी, सुनखोला, डायनीखोला, गोरियाखोला लगायत विभिन्न खहरे खोलाहरुबाट बर्षेनी हुने क्षति रोक्न नदी नियन्त्रण तथा तटबन्ध गुरुयोजना तयार गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- बाढी, पहिरो, नदी कटान, भूकम्प जस्ता जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन अवलोकन गरी आवश्यक योजना सहित कार्यान्वयन गरिनेछ ।
- जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न सरोकारवाला संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- विपद्वाट हुने क्षति न्यूनिकरण गर्न विपद् व्यवस्थापनसँग सम्वन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनेछ ।

- भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता दैवीप्रकोपबाट विपद्मा परेका व्यक्ति तथा परिवारलाई तत्काल आवश्यक राहत उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२१. युवा स्वरोजगार एवं सशक्तिकरण:

- गाउँपालिका अन्तर्गत रहेका बेरोजगार युवा, युवतीहरुको लगत संकलन गरी उनीहरुको सीप, योग्यता र क्षमता अनुसार रोजगारीको व्यवस्था गर्न निरन्तर पहल गरिनेछ ।
- बेरोजगारीलाई घटाउन विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वय र सहकार्यमा क्षमता अभिबृद्धि गर्न विभिन्न सीपमुलक तथा युवा स्वरोजगार सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गरिनेछन ।
- गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय युवा/युवतीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- लघु तथा साना उद्योगहरु सञ्चालन गर्ने युवा युवतीहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप बिउ पूँजी र आवश्यक ऋणको व्यवस्था मिलाइनेछ ।

२२. सामाजिक सुरक्षा तथा लक्षित वर्ग उत्थान कार्यक्रम:

- दलित, आदिवासी जनजाती, महिला, अपाङ्ग, अल्पसंख्यक तथा पछाडी परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आर्यआर्जन, सीप बिकास, तालिम, रोजगारी, व्यवसाय बिकास जस्ता विशेष कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- बार्षिक रुपमा गाउँपालिकाकै जेष्ठ नागरिक (महिला/पुरुष) लाई विशेष सम्मान प्रदान गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अल्पसंख्यक, दलित आदि वर्गले नेपाल सरकारबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता सहज रुपमा वडा कार्यालयबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- अनाथ बालबालिका तथा बेसहारा बृद्धबृद्धाहरुका लागि अनाथालय तथा बृद्धाश्रम निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी उनीहरुको वृत्ति विकासका लागि आवश्यक कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अन्तरगत्का विभिन्न आर्यघाटहरु व्यवस्थापन गरिनेछन ।
- द्वन्द्व पीडित व्यक्ति तथा परिवारहरुको सर्वेक्षण तथा वर्गीकरण गरी राहतका लागि आवश्यक पहल गरिनेछ ।

२३. दीर्घकालिन योजना तथा कार्यक्रम:

- यस गाउँपालिका अन्तरगत अति आवश्यक भएका तर स्थानीय तहको बजेटबाट कार्यान्वयन गर्न नसकिने ठूला तथा दीर्घकालिन निम्न आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनकालागि मिति २०७४।०४।२५ मा सम्माननिय प्रधानमन्त्री श्री शेर बहादुर देउबाज्यु समक्ष फायल पेश गरिएको, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट आवश्यक कारवाहीका लागि सिफारिश भई नेपाल सरकारका सम्बन्धित निम्न मन्त्रालय तथा विभागहरुमा अलग-अलग फायल पठाईएको ब्यहोरा जानकारी गराउन चाहन्छु, साथै यथासक्य शीघ्र कार्यान्वयनको निमित्त गाउँ कार्यपालिका स्तरबाट निरन्तर रुपमा प्रयास जारी रहने ब्यहोरा समेत अनुरोध गर्दछु ।

निम्न:

१. गाउँपालिका कार्यालय भवन निर्माण, वडा नं. ५....................................................स्थानीय विकास मन्त्रालय ।

२. गोदामबजार-गाउँपालिका कार्यालय सडकमा पर्ने सुनखोलामा सडकपुल निर्माण, वडा नं. ८ र ५ ................. स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

३. घुम्ती-आलिताल पर्यटन सडकमा पर्ने रंगुन नदीमा पुल निर्माण, वडा नं. ८ र ३................................. स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

४. गैरा-गाङ्खेत-आलिताल सडक निर्माण, वडा नं. १,२,३ र ५..................................स्थानीय विकास मन्त्रालय /स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

५. जालटुँडा-बेलभाडी ग्वान्नी सडकमा पर्ने रज्यौडा खोलामा सडकपुल निर्माण, वडा नं. ४ ......................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

६. घुम्ती-आलिताल-चौडबण्डले-सेला-चिरकिट्टे कृषि सडक निर्माण, वडा नं. ३ .......................................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/ विभाग ।

७. साहुखर्क-काफली-उणिकोट कृषि सडक निर्माण, वडा नं. २...........................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

८. घरेलु-खिन्नेभाडी-सलेता सडक निर्माण तथा स्तरोन्नति कार्य, वडा नं. ४, ६ र ७.................................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

९. रंगुननदी, सुनखोला, डायनीखोला, गोरियाखोला, रज्यौडा खोला, घरेलु खोला नदी नियन्त्रण तथा तटबन्ध सम्बन्धी गुरुयोजना निर्माण तथा कार्यान्वयन, वडा नं. ३, ४, ५, ७ र ८ ...................... सिंचाई मन्त्रालय/जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग ।

१०. गाउँपालिका सदरमुकाममा २५ शैयाको अस्पताल निर्माण................................................स्वास्थ्य मन्त्रालय/विभाग ।

११. गाउँपालिका सदरमुकाममा सुविधा सम्पन्न सभाहल निर्माण...................................शहरी विकास मन्त्रालय/विभाग ।

१२. गाउँपालिका सदरमुकाममा खेलमैदान तथा रंगशाला निर्माण...........................................खेलकुद मन्त्रालय/विभाग ।

१३. गाउँपालिका क्षेत्रको सिंचाई सम्बन्धी गुरुयोजना निर्माण तथा कार्यान्वयन ........................ सिंचाई मन्त्रालय/विभाग ।

१४. गाउँपालिकाका सम्पूर्ण टोल/बस्तीहरुमा विद्युतिकरण.......................................................उर्जा मन्त्रालय/विभाग ।

१५. गाउँपालिका क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सहितको लेण्डलाईन तथा मोबाईल फोन सेवा सञ्चालन ........... सूचना तथा सञ्चार मन्त्रालय/विभाग ।

१६. बुडर -नाइल सडक निर्माण तथा स्तरोन्नति..................................भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

१७. अलिताल वहुमुखि क्याम्पस स्थापना तथा सञ्चालनको अनुमति लगायत आवश्यक सहयोग ....................नेपाल सरकार, उच्च शिक्षा परिषद ।

आदरणिय उपस्थित महानुभावहरु,

उपरोक्त नीति तथा कार्यक्रमहरुलाई क्रमिक रुपले मुर्त रुप दिन चालु आ.व. मा यस गाउंपालिकामा नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण अनुदानको ठूलो हिस्सा (करिब ६०%) वडाहरुमा पठाउने निर्णय गरेका छौं । जसबाट बस्ती तथा वडा स्तरमा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा योजना तथा कार्यक्रमहरु छनौट भई कार्यान्वयन हुने विश्वास लिएको छु ।

अब म आगामी आ.व. ०७४/०७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण छोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आ.व. मा आय तर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट वित्तिय समानिकरण अनुदान अन्तरगत् रु. १६ करोड ९५ लाख ९ हजार, सशर्त अनुदान तर्फ रु. ६ करोड ९५ लाख ५६ हजार, नेपाल सरकारको समाजिक सुरक्षा कार्यक्रम अनुदान

रु. २ करोड ५० लाख, आ.व. २०७४।०७५ को राजश्व आय प्रक्षयपण रु. ३० लाख, अघिल्लो वर्षको नगद मौज्दात रु. ५५ लाख ७२ हजार १५७ र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तरगत् नेपाल सरकार तथा फिन्ल्याण्ड सरकारको अनुदान रु. ३ करोड १२ लाख ५३ हजार ९ सय गरि आ.व. २०७४।०७५ को कुल बजेट रु. ३० करोड ३८ लाख ९१ हजार ०५७ मात्र अनुमान गरिएको छ ।

त्यसै गरि खर्च तर्फ चालु खर्च रु. २ करोड ९५ लाख १३ हजार १५७, पुंजीगत् तर्फ रु. १७ करोड ९८ लाख २१ हजार ९००, समाजिक सुरक्षा तर्फ रु. २ करोड ५० लाख, सशर्त अनुदान तर्फ रु. ६ करोड ९५ लाख ५६ हजार गरि जम्मा रु. ३० करोड ३८ लाख ९१ हजार ०५७ अनुमान गरिएको छ ।

उपरोक्त विनियोजन मध्ये:

- वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्न प्रत्येक वडामा रु. १ करोडका दरले रु. ८ करोड वित्तिय समानिकरण अनुदानबाट विनियोजन गरिएको छ ।
- शिक्षा क्षेत्रको लागि नेपाल सरकारवाट प्राप्त सशर्त अनुदान तर्फ रु. ५ करोड ७७ लाख ९० हजार र वित्तिय समानिकरण अनुदानवाट रु २५ लाख रकम विनियोजन गरिएको छ ।
- कृषि क्षेत्रको विकासकालागि रु. २७ लाख र पशु विकास कार्यक्रमका लागि रु. ७९ लाख ९५ हजार विनियोजन गरिएको छ ।
- स्वास्थ्य क्षेत्रको लागि नेपाल सरकारवाट प्राप्त सशर्त अनुदान तर्फ रु। १ करोड् ११ लाख ५० हजार, वित्तिय समानीकरण अनुदान तर्फ विभिन्न कार्यक्रहरु सञ्चालनको लागि रु २९ लाख र एम्बुलेन्स खरिदको लागि रु. १५ लाख विनियोजन गरिएको छ ।
- खानेपानी तथा सरसफाई तर्फ ११ वटा योजना/कार्यक्रमहरुको लागि नेपाल सरकार तथा फिन्ल्याण्ड सरकारको अनुदान रु. ३ करोड १२ लाख ५३ हजार ९ सय र गाउँपालिकाबाट सम्पुरक कोषको रुपमा रु. ३५ लाख गरि जम्मा रु. ३ करोड ४७ लाख ५३ हजार ९ सय विनियोजन गरिएको छ ।
- धार्मिक, पर्यटन तथा संस्कृति प्रवर्द्धनको लागि रु २० लाख विनियोजन गरिएको छ ।
- खेलकुद र मनोरञ्जनको लागि रु १० लाख विनियोजन गरिएको छ ।
- स्थानीय सडक पूर्वाधार निर्माणको लागि वजेटको मुख्य अंश खर्चको प्रस्ताव गरिएको छ । सो को लागि रु ३ करोड २ लाख विनियोजन गरिएको छ, जस मध्ये गाउँपालिकाले आफ्नै ब्याकहोलोडर खरिद गर्ने गरि रु. ४५ लाख बजेट प्रस्ताव गरिएको छ ।
- त्यस्तै तत्काल गाउं कार्यपालिका तथा विषयगत् शाखाहरुको कार्यालय भवन निर्माण गर्न रु. ६० लाख रकम विनियोजन गरिएको छ ।
- उर्जा क्षेत्रको विकासकालागि बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सहकार्यमा करिब रु. ५० लाखको लागतमा सडक सौर्य बत्ती जडान गर्न रु. १७ लाख विनियोजन गरेको छु ।
- सिंचाई तथा जलाधार विकास र जलउत्पन्न प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापनको लागि रु ८० लाख विनियोजन गरिएको छ ।
- सुशासनलाई मूर्त रुप दिन गाउँपालिकावाट प्रवाह हुने सेवालाई अनलाईन मार्फत प्रवाह हुने व्यवस्थाको लागि वेवसाईट निर्माण, कम्प्युटर, आदि सामान खरिद तथा विभिन्न सफ्टवेयर निर्माणको लागि रु. २० लाख विनियोजन गरिएको छ ।
- त्यस्तै स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन (गा.पा.को प्रोफायल निर्माण) को लागि ७ लाख विनियोजन गरिएको छ ।
- गाउंपालिकाको समष्टिगत् गुरुयोजना निर्माण गर्न रु. २२ लाख विनियोजन गरिएको छ ।
- सुशासन प्रवर्द्धनको लागि आवधिक समिक्षा गोष्ठी तथा सार्वजनिक सुनुवाई, अन्तरक्रिया, गोष्टी, पत्रकार सम्मेलन आदिको लागि पनि आवश्यक रकम विनियोजन गरिएको छ ।

आदरणीय महानुभावहरू

प्रस्तुत नीति, योजना र बजेट कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह, सुझाव र प्रेरणाका लागि विभन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी ज्युहरु, गाउँ कार्यपालिकाका सदस्य साथीहरु, राजस्व परामर्श समितिका

सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, विषयगत् समितिका संयोजक तथा सदस्यज्यूहरु, सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्रद्धेय महानुभावहरु,

योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिंदैन, त्यसका लागि प्रभावकारी कार्यान्वयन र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिकदल, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सबै गाउँवासी दाजु-भाइ दिदी-बहिनीहरुको साझा प्रतिवद्धता र प्रयास आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरु सबैबाट सदा झै निरन्तर सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

अन्त्यमा,

अति व्यस्त सयमका बावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी आलिताल गाउँपालिकाको प्रथम ऐतिहासिक गाउँसभाको समुद्घाटन समारोहमा पाल्नुभएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथी ज्यु लगायत सम्पूर्ण अतिथि गणहरु, गाउँसभाका सभासद् ज्युहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु । साथै यो नीति योजना तथा कार्यक्रम तर्जुमाको क्रममा अहोरात्र खट्ने कार्यालयका कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ! जयनेपाल !**

बलबहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष

# आय व्ययको विवरण

आ.व. २०७४/७५

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

अनुसूची-१
रु. हजारमा

| शीर्षक | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ को अनुमान | आ.व. २०७५/७६ को प्रस्तावित |
|---|---|---|---|
| आयः | | ३०३८९१.०५७ | |
| राजस्वः | | ३००० | |
| आन्तरिक राजस्व | | ३००० | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ० | |
| अन्य आय | | ० | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | २३९०६५ | |
| नेपाल सरकारबाट प्राप्त | | २३९०६५ | |
| क) सशर्त अनुदान | | ६९५५६ | |
| ख) वित्तीय समानीकरण | | १६९५०९ | |
| प्रदेश सरकारबाट प्राप्त | | ० | |
| अन्तर स्थानीय तहबाट प्राप्त | | ० | |
| चालु आ.व. बाट वित्तीय हस्तान्तरण | | ० | |
| **अन्य** | | ६१८२६.०५७ | |
| गत आ.ब. को बैंक मौज्दात | | ५५७२ १५७ | |
| सामाजिक सुरक्षा भत्ता | | २५००० ००० | |
| ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | | ३१२५३.९०० | |
| **जनसहभागिताः** | | ० | |
| नगद सहभागिता | | ० | |
| श्रम तथा वस्तुगत सहायता | | ० | |
| व्ययः | | ३०३८९१.०५७ | |
| सामाजिक सुरक्षा भता | | २५००० ००० | |
| ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | | ३१२५३.९०० | |
| सशर्त अनुदान | | ६९५५६ ००० | |
| चालु खर्च | | २९५१३ १५७ | |
| **पूजीगत खर्च** | | १४८५६८.००० | |
| क) [illegible] योजना तथा कार्यक्रम खर्च | | ७५७६८ ००० | |
| ख) [illegible] योजना तथा कार्यक्रम खर्च | | ७२८०० ००० | |
| बजेट बचत (+) न्यून (-) | | ०.००० | |

अनुसूची-३

रु. हजारमा

| शीर्षक | | आ.व.२०७३/७४ को यथार्थ | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वितीय हस्तान्तरण | | | फिनल्याण्ड | ऋण | जनसहभागिता |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| | **चालु खर्च** | | **२९५१३.१५७** | **२२२८.०** | **२७२८५.१५७** | **०.०** | **०.०** | **०.०** | **०.०** | **०.०** |
| २११११ | तलब | | ७२१५.० | ०.० | ७२१५.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २१११२ | स्थानीय भत्ता | | १६६.१५७ | ०.० | १६६.१५७ | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २१११३ | महंगी भत्ता | | १३२.० | ०.० | १३२.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २१११९ | अन्य भत्ता | | ३१९४.० | २२२८.० | ९६६.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २११२१ | पोशाक भत्ता | | २४३.० | ०.० | २४३.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२३११ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | | २५००.० | ०.० | २५००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२५१२ | सीप बिकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | ५००.० | ०.० | ५००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२१२१ | घर भाडा | | ७५०.० | ०.० | ७५०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२१२२ | अन्य भाडा | | १४००.० | ०.० | १४००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२२११ | इन्धन | | ६९२.० | ०.० | ६९२.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२२१२ | सञ्चालन तथा मर्मत सम्भार खर्च | | ७८०.० | ०.० | ७८०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२३१४ | इन्धन अन्य पयोजन | | ३००.० | ०.० | ३००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२१११ | पानी तथा विजुली | | २९६.० | ०.० | २९६.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२११२ | सञ्चार महसुल | | ५४४.० | ०.० | ५४४.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२३२१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | | ६००.० | ०.० | ६००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२५११ | कर्मचारी तालिम | | ४००.० | ०.० | ४००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२५२२ | कार्यक्रम खर्च | | २४८०.० | ०.० | २४८०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२४११ | सेवा र परामर्श खर्च | | ५९१.० | ०.० | ५९१.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२४१२ | अन्य सेवा शुल्क | | १५५०.० | ०.० | १५५०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | | १९८०.० | ०.० | १९८०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२६१२ | भ्रमण खर्च | | १०००.० | ०.० | १०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २२७११ | विविध खर्च | | २२००.० | ०.० | २२००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पूँजिगत खर्च** | | १४८५६८.० | ७७२.० | १४७७९६.० | ० | ० | ० | ० | ० |
| २९२२१ | भवन निर्माण | | ६००० | ०.० | ६०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २९३११ | फर्निचर तथा फिक्चर्स | | १००० | ०.० | १०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २९५११ | मेशिनरी औजार | | ७५०० | ०.० | ७५००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २९६११ | सार्वजनिक निर्माण | | २७२०० | ०.० | २७२००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २९६२१ | पूँजिगत सुधार खर्च सार्वजनिक निर्माण | | ३०० | ०.० | ३००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २९७११ | पूँजिगत अनुसन्धान तथा परामर्श | | ३४०० | ०.० | ३४००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | शिक्षातर्फ | | २५०० | ०.० | २५००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | स्वास्थ्यतर्फ | | २९०० | ०.० | २९००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | कृषि प्रसार कार्यक्रम | | २४०० | ०.० | २४००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | पशु विकास कार्यक्रम | | ७७०० | ०.० | ७७००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | खेलकुद तथा मनोरञ्जन | | १००० | ०.० | १०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | संस्कृति तथा पर्यटन विकास | | २००० | ०.० | २०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | सामाजिक संघसस्था तथा लक्षित वर्ग कार्यक्रम | | १२६८ | ०.० | १२६८.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २७११२ | अन्य सामाजिक सहायता/ राहत कोष | | ७१०० | ७७२.० | ६३२८.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | समपुरक कोष (खानेपानी) | | ३५०० | ०.० | ३५००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | वडास्तरीय योजना तथा कार्यक्रम खर्च | | ७२८०० | ०.० | ७२८००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | **चालु खर्च + पूँजिगत खर्च** | ० | १७८०८१.१५७ | ३०००.००० | १७५०८१.१५७ | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | सशर्त अनुदान | | ६९५५६.००० | ०.० | ६९५५६.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | | ३१२५३.९०० | | | | | | | |
| २७१११ | सामाजिक सुरक्षा | | २५०००.००० | ०.० | २५०००.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | **कूल जम्मा खर्च** | ०.० | ३०३८९१.०५७ | ३०००.० | २६९६३७.१५७ | ०.० | ०.० | ०.० | ०.० | ०.० |

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा-२०७४
७ नं. प्रदेश नेपाल

आ.व. २०७४/०७५

रकम रु हजारमा

## गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु

| सि.नं. | योजना तथा कार्यक्रम | स्थान | रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | आलिताल -गाडखेत-गैरा सडक निर्माण | वडा न १, २ र ५ | ३००० | |
| २ | घरेलु-खिन्नेभाडी सडक स्तरोन्नति | वडा न ४, ६ र ७ | २००० | |
| ३ | आलिताल पर्यटन सडक स्तरोन्नति | वडा न ३ | ३५०० | |
| ४ | गोदाम–गाउंपालिका सडक निर्माण | वडा न. ८ र ५ | ३५०० | |
| ५ | जालटुंडा -ग्वान्नी सडक निर्माण | वडा न ४ | ७०० | |
| ६ | सेरी-धिमडा-वास्कोटा सडक निर्माण | वडा न. ६ | ७०० | |
| ७ | सिन्दुरेखान -घोडेखान सडक निर्माण | वडा न. ६ र ७ | ५०० | |
| ८ | कालाकोट- तेकुनडांडा सडक निर्माण | वडा न. ८ | ७०० | |
| ९ | साहुखर्क- काफली -उणीकोट सडक निर्माण | वडा नं. २ | १५०० | |
| १० | गोगनपानी - जोसिना झरना सडक निमांण | वडा न. १ | ७०० | |
| ११ | घरेलु -कोईलानी- बान्नीगडा सडक निमांण | वडा न. ४ र ७ | ७०० | |
| १२ | सडक सौर्य बत्ती जडान | वडा नं २, ४ र ८ | १७०० | |
| १३ | सिंचाइं तथा नदी नियन्त्रण कार्यक्रम | गा.पा. | ८००० | |
| १४ | गाउंपालिका भवन निर्माण | गा.पा. | ६००० | |
| १५ | गाउंपालिकाको गुरुयोजना निर्माण | गा.पा | २२०० | |
| १६ | एम्बुलेन्स खरिद | गा.पा. | १५०० | |
| १७ | ब्याकहोलोडर | गा.पा | ४५०० | |
| १८ | स्वास्थ्य सेवा | गा.पा | २९०० | |
| १९ | कृषि प्रसार कार्यक्रम | गा.पा | २४०० | |
| २० | पशु विकास कार्यक्रम | गा.पा. | ७७०० | |
| २१ | शिक्षा | गा.पा. | २५०० | |
| २२ | खानेपानी | गा.पा. | ३५०० | |
| २३ | खेलकुद तथा मनोरञ्जन | गा.पा | १००० | |
| २४ | संस्कृति तथा पर्यटन विकास | गा.पा. | २००० | |
| २५ | सामाजिक संघसंस्था/लक्षित वर्ग | गा.पा. | १२६८ | |
| | **जम्मा** | | ६४६६८ | |
| २६ | वडा स्तरीय योजना तथा कार्यक्रम | ८ वटै वडा | ७२८०० | |
| २७ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | | ३१२५३१९ | |
| २८ | फर्निचर फिक्चर्स | | १००० | |
| २९ | मेशीनरी औजार | | १५०० | |
| ३० | गाउपालिका विकास गुरूयोजना निर्माण | | २२०० | |
| ३१ | गाउपालिका प्रोफायल/पजीकरण व्यवस्थापन | | १२०० | |
| ३२ | अन्य | | ५२०० | |
| | **कूल जम्मा** | | १७९८२१९ | |

# आलिताल गाउँपालिका डडेल्धुराको मिति २०७४।०५।१२-१३ गते सम्पन्न प्रथम गाउँ सभाबाट पारित निर्णयहरु:

निर्णय नं. १:

यस आलिताल गाउँपालिकामा २०७४ असार १४ गते सम्पन्न ऐतिहासिक स्थानीय तह निर्वाचन लगायत मिति २०७४ असार ३० गते सम्पन्न गाउँ कार्यपालिका निर्वाचन अत्यन्तै सौहार्दपूर्ण र धाँधलीरहित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने निर्वाचन अधिकृत्को कार्यालय, विभिन्न राजनीतिक दल, नेता-कार्यकर्ता, राष्ट्रसेवक कर्मचारी, विभिन्न सुरक्षा निकायहरु, पत्रकार तथा सञ्चार माध्यमहरु, सम्पुर्ण मतदाताहरु लगायत आम आलिताल गाउँपालिकावासी आमा-वुवा, दिदी-बहिनी तथा दाजु-भाईहरुमा यस प्रथम गाउँ सभाको तर्फबाट सबैमा हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

२०७४ असार १४ गते सम्पन्न स्थानीय तह निर्वाचनबाट प्रथम गाउँ कार्यपालिका लगायत गाउँ सभा गठन भएको ऐतिहासिक र महत्वपुर्ण घडीमा, नेपाल र नेपाली जनताको मुक्ति, स्वतन्त्रता, न्याय र गणतन्त्र स्थापनाको निमित्त भएका सबै आन्दोलन र संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्ने समस्त बीर शहीदहरुलाई हृदय देखि नै सम्मान र स्मरण गर्दै सम्पुर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

गाउँ कार्यपालिकाले आ.व. २०७४।०७५ को लागि तयार/प्रस्ताव गरेको आलिताल गाउँपालिकाको तपसिल बमोजिमका ऐन तथा नियमावली स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

तपसिल:

(क) आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७४,

(ख) आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०७४,

निर्णय नं. ४:

गाउँकार्यपालिका अध्यक्ष श्री बलबहादुर गुरुङ्ग द्वारा यस प्रथम ऐतिहासिक गाउँ सभामा प्रस्तुत गाउँपालिकाको आ.व. २०७४।०७५ को नीति, कार्यक्रम तथा रु. ३० करोड ३८ लाख ९१ हजार ०५७ मात्रको बजेट तथा अनुमानित आय व्यय विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

गाउँ कार्यपालिकाको योजना तर्जुमा बैठकबाट वित्तिय समानिकरण अनुदान अन्तरगत ८ वटै वडाहरुमा १/१ करोडका दरले विनियोजन गरिएको रु. ८ करोड रकमबाट चालु वर्षमा कार्यान्वयनको लागि वडाबाट प्राप्त हुने योजना तथा कार्यक्रमहरु स्विकृत गरी कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिका बोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ६:

साविक स्थानीय निकायको ऐन, कानून बमोजिम नेपाल सरकारको प्रचलित नियम अनुसार तलब भत्ता खाने गरी साविक स्थानीय निकायको परिषदबाट स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई यस आलिताल गाउँ कार्यपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा साविककै सेवा/समूह बमोजिम निरन्तरता दिने गरी २०७५ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

हाल कर्मचारी समायोजनको सिलसिलामा समायोजन भई आएका आलिताल तथा गाँखेत स्वास्थ्य चौकीमा कार्यरत अस्थायी एवं करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारको सशर्त अनुदान बमोजिम सेवा सुविधा दिने गरि २०७५ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:

गांखेत स्वास्थ्य चौकीमा कायम रहेका २ जना अ.न.मी.को स्थायी दरबन्दी लामो समयदेखि रिक्त रहेको हुंदा यथाशीघ्र दरबन्दी पुर्तिकालागि जि.स्वा.का. डडेल्धुरामा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ९:

यस गाउँपालिकामा स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउन एम्बुलेन्स अत्यावश्यक भएकोले सो को लागि नेपाल भारत मैत्री संघ डडेल्धुरा मार्फत भारतीय राजदुतावास, काठमाण्डौंमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. १०:

डडेल्धुरा जिल्ला अन्तरगत्का स्थानीय तहहरु मध्ये यस आलिताल गाउँपालिका भूगोल र जनसंख्याको आधारमा नेपाल सरकारको अस्पताल निर्माण सम्बन्धि मापदण्ड भित्र पर्ने भएकोल, यस गाउंपालिकाको सदरमुकाम स्थित हे.पो.लाई स्तरोन्नती गरि कम्तीमा २५ शैयाको सुविधा सम्पन्न अस्पतालमा परिणत गर्ने, लगायत सामुदायिक स्वास्थ्य सेवामा आवश्यक सहयोगका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युनिसेफ नेपाल समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:

आलिताल स्वास्थ्य चौकी भवन हालसम्म पनि नेपाल सरकारको मापदण्ड अनुरुप नभएको र अपर्याप्त ठाउँको अभावले स्वास्थ्य सेवा सञ्चालन गर्न ज्यादै अप्ठेरो भईरहेको र भवन निर्माणको लागि गाउँपालिकाले जग्गा व्यवस्थापन गर्ने गरी मापदण्ड बमोजिमको भवन निर्माणका लागि श्री सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय दिपायल मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२:

आलिताल स्वास्थ्य चौकी अन्तर्गतको बर्थिङ सेन्टर भवनको सुरक्षार्थ कम्पाउण्ड नभएको र चौबीस घण्टे प्रसुति तथा इमरजेन्सी सेवा सञ्चालन गर्न कर्मचारी (नर्सिङ्ग) क्वाटर अति आवश्यक भएकोले सोको लागि श्री सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, दिपायलमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१३:

जनसंख्या तथा भौगोलिक विकटताको आधारमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने नेपाल सरकारको स्वास्थ्य नीति अनुरुप हाल यस गाउँपालिका अन्तर्गत वडा नं.७ खिन्नेभाडी र वडा नं.६ झरकाँडामा सञ्चालित स्वास्थ्य इकाईहरुलाई स्वीकृति प्रदान गर्नका साथै तपसिल बमोजिमका समुदायमा थप स्वास्थ्य इकाई स्थापनाका लागि जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुरामार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

(क) आलिताल १ हर्तोला
(ख) आलिताल ३ चौडबण्डले
(ग) आलिताल ४ घरेलु

निर्णय नं. १४:

यस गाउँ सभा पछि संघीय वा प्रान्तीय सरकार, जिल्ला समन्वय समिति एवम् अन्य निकायबाट प्राप्त हुने बजेटहरु आवश्यक्तानुसार बाँडफाँड तथा कार्यान्वयन गर्ने अख्तियारी गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५:

यस गाउँपालिका अन्तरगत्का सडक किनारा, बजारक्षेत्र, गाउँपालिका कार्यालय परिसर लगायत अन्य विभिन्न सार्वजनिक स्थानहरुमा रहेका रुखहरुबाट हुन सक्ने सम्भावित दुर्घटना, क्षति तथा असहजतालाई मध्यनजर गरि साल तथा अन्य प्रजातीका केहि रुखहरु हटाउन अनिवार्य देखिएकोले नियमानुसार उक्त रुखहरुको नम्बरिङ्ग तथा मूल्यांकन गरि ठहर भएका रुखहरु हटाउने तर्फ आवश्यक सहयोगका लागि जिल्ला वन कार्यालय डडेल्धुरा मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १६:

यस गाउँपालिका क्षेत्र अन्तरगत् विगत देखि खेर गई रहेका ढलापडा तथा नदी खोलाले बगाई ल्याएका साल तथा अन्य प्रजातीका (दहत्तर बहत्तर) काठ दाउराहरु नियमानुसार गाउँपालिकाको खर्चमा संकलन तथा घाटगद्दी गरि बिक्रि बितरण गर्ने र प्राप्त आम्दानी स्थानीय विकास निर्माणमा खर्च गर्ने गरि उक्त कार्यमा आवश्यक सहयोग तथा सहकार्यका लागि जिल्ला वन कार्यालय डडेल्धुरामा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १७:

यस गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक बनहरुबाट गत विगतमा काठ दाउरा संकलन भई जिल्ला बन कार्यालय डडेल्धुरामार्फत लिलाम बिक्री गरिएको र प्राप्त रोयल्टी रकम हालसम्म पनि नेपाल सरकारको धरौटी खातामा थन्किएको हुँदा उक्त रकम सम्बन्धित सामुदायिक बन उपभोक्ता समूहहरुलाई उपलब्ध गराउनतर्फ आवश्यक कारबाहीका लागि जिल्ला बन कार्यालय डडेल्धुरामार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न. १८:

यस गाउँपालिका क्षेत्र अन्तरगत् विगत देखि अत्यन्त ठूलो मात्रामा थन्किएर रहेका तथा खेर गई रहेका ढुङ्गा, गिट्टी तथा बालुवाको कारण नदीको बहाव रोकिन गई हुन गईरहेको धनजनको क्षति तथा जोखिमलाई मध्यनजर गरि तिनको सदुपयोग गर्न अति आवश्यक भएको हुंदा उक्त ढुङ्गा, गिट्टीको सदुपयोग तथा बिक्रि वितरण गरि राजश्व बृद्धि लगायत जोखिम न्युनिकरण गर्न नियमानुसार स्थानीय स्तरमा क्रसर उद्योग, ह्युमपाइप उद्योग स्थापना तथा सञ्चालन गर्न निजी लगानीकर्ताहरुलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १९:

यस गाउंपालिकाको गोदाम बजारक्षेत्र, घरेलु बजारक्षेत्र, र उणिकोट बजारक्षेत्रमा सौर्य उर्जा प्रबर्द्धन केन्द्रसंग सहकार्यमा सडक सौर्य बत्ती जडानको लागि प्रस्तावित कार्यक्रम तथा बजेट स्किृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २०:

गाउँपालिकाका जनताको आवश्यतालाई मध्यनजर गरि आवश्यक सञ्चालन विधी बमोजिम सञ्चालन गर्ने गरि एक थान एम्बुलेन्स खरिद तथा परिचालन गर्ने, साथै उक्त एम्बुलेन्सको सुलभ खरिद तथा भन्सार छुटका लागि जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा मार्फत् सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१:

यस गाउँपालिकाको विभिन्न विषयगत् क्षेत्रको गुरुयोजना तयार गरि सोही बमोजिम कार्यक्रमहरु सञ्चालन गर्न अति आवश्यक देखिएकोले शिक्षा, स्वास्थ्य, कृषि, सडक, सिंचाई, नदी नियन्त्रण, खानेपानी, उद्योग आदि आवश्यक विषयहरु समेटी गाउँपालिकाको बिस्तृत गुरुयोजना तयार गर्न विनियोजित कार्यक्रम तथा बजेट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २२:

यस गाउँ सभ्राबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मध्ये कुनै कारणबस शीर्षक परिवर्तन वा रकमान्तर गर्नुपर्ने देखिएमा औचित्य खुलाई सो गर्ने अख्तियारी गाउँ कार्यपालिका बोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं. २३:

यस गाउंपालिका अन्तरगत हालसम्म विद्युत सेवाबाट बञ्चित वडा नं. १ अन्तरगत तिमुली घुंस, न्वादेउविणी, बांस, तिमुली, तल्लाखण्ड, झुरकांडा, जोशीना, थक्लाडी, खलुवा, पिपल, बन्ताल, मालागाउं, देउबागाउं, बाजीगाउं, खुम्तोला, चम्साल, पोखरी, वडा नं. २ अन्तरगत काफली, कुमालटुंडा, खोलेखर्क, सौकाघार, सेटीखर्क, हसै, किम्तोला, तिम्तरा, देउटुणी मटेला, वडा नं. ३ अन्तरगत् भणार, सत्यदमार, बेतन्ना, चनला, चौडबण्डाले, सुदुम, सेला, लेकगाउं, धांतडी, ढाड्डु, किमोडी, कुलेडी, डाडाखर्क, चुनेरी, थला, नाली, बग्थरा, वडा नं. ४ अन्तरगत् मल्ले, सुकमल्ले, ग्वान्नी, चौडीला, कटौंजी, गल्लेक, वडा नं. ५ अन्तरगत् सिराडी, कल्याम, पर्सेरावल, वडा नं. ६ अन्तरगत् बास्कोटा, सन्त, मेलखाली, घट्टीगाड, रन्तोला, फल्लेखर्क, गौजेना, अस्लाडी, दोबाटा, छिडा, होरीसिमल, वडा नं. ७ अन्तरगत् पुरै वडा र वडा नं. ८ अन्तरगत् डाडाखर्क, छरबुङ, तेकुनडाडा, कुर्जेनी, डोलाकोट आदी बस्ती तथा टोलहरुमा यथासक्य शीघ्र बिद्युत सेवा बिस्तार गर्न र विद्युत सेवा पुगेका बस्तीहरुको लाईन मर्मत सुधारका लागि नेपाल बिद्युत प्रधिकरण वितरण केन्द्र डडेल्धुरा मार्फत नेपाल सरकार समक्ष मांग गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ :

यस गाउँपालिकाको वडा नं.३ बाजीलेगमा रहेको नेपाल टेलिकमको टावरमा अत्याधुनिक सेवा सुविधा जडान र वडा नं. ६ को धिमडामा निर्माणाधिन टावर समेत यथाशिघ्र सम्पन्न गरी लेण्डलाईन तथा मोबाईल फोन सेवा प्रवाह गरिदिन नेपाल दूरसञ्चार संस्थान क्षेत्रिय कार्यालय अत्तरियालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २५:

यस गाउँपालिकाको वडा नं. १ र २ मा हालसम्म पनि नेपाल टेलिकमको सञ्चार सुविधा पुग्न नसकेको हुँदा उक्त दुवै वडाहरुमा सेवा सुविधा सञ्चालन गर्न आवश्यक सहयोगका लागि नेपाल टेलिकम क्षेत्रिय कार्यालय अत्तरियालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२६:

यस गाउँपालिका अन्तर्गतका आलिताल प्रहरी चौकी र गाङखेत प्रहरी चौकीको भवन निर्माण लगायत अन्य आवश्यक पूर्वाधार विकासका लागि जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २७:

यस गाउँपालिका अन्तर्गतका निम्न सडकहरुलाई केन्द्रीय सडक योजनामा समावेश गरी आवश्यक कार्यान्वयनकालागि नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।
निम्नः
(क) गैरा -गाङखेत- आलिताल सडक
(ख) आलिताल-चौडबण्डले-सेला-चिरकिट्टे सडक
(ग) घरेलु- खिन्नेभाडी-सलेता सडक

निर्णय नं. २८:

यस गाउँपालिकाको प्रमुख पर्यटन स्थल आलितालआई चिनाउन वडा नं.८ को घुम्तीमा आलितालको फोटो तथा तालसम्बन्धी आवश्यक जानकारी सहितको लाइटिङ होर्डिङ बोर्ड राख्ने निर्णय गरियो ।

निर्णय नं.२९:

७ नं.प्रदेश कै ऐतिहासिक ताल "आलिताल"को संरक्षण, सम्बर्द्धन तथा विकासका साथै उक्त तालक्षेत्रलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरी यसको बिस्तृत गुरुयोजना निर्माण तथा कार्यान्वयनका लागि नेपाल सरकार संस्कृति तथा पर्यटन मन्त्रालय र राष्ट्रिय ताल विकास समिति, काठमाण्डौंमा अनुरोध गर्ने, साथै यसको लागि अन्य सम्बन्धित संघसंस्थाहरुसँग समेत समन्वय, सहकार्य तथा सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३०:

नेपालको संविधान (२०७२) को धारा २१७ बमोजिम यस गाउँपालिकाको न्याय सम्बन्धी कामकाजहरु सम्पादन गर्न देहाय बमोजिमको तीन सदस्यीय .न्यायिक समिति सर्वसम्मतिबाट गठन गरियो ।

| | |
|---|---|
| १. संयोजक : | श्री जला कुमारी विष्ट (बोगटी), गाउँपालिका उपाध्यक्ष |
| २. सदस्य : | श्री बीर बहादुर बोहरा , वडा अध्यक्ष/ गाउँ सभा सदस्य |
| ३. सदस्य : | श्री गोमती देवी बोहरा, कार्यपालिका सदस्य/ गाउँ सभा सदस्य |

निर्णय नं. ३१:

यस गाउँपालिका अन्तर्गत विभिन्न दैवी प्रकोप तथा विपद्का घटना बाट पिडित व्यक्ति/परिवार तथा मुटु, मृगौला, कलेजो, क्यान्सर जस्ता जटील रोगबाट पीडित जनतालाई तत्काल राहत उपलब्ध गराउन अध्यक्ष राहत कोष स्थापना गरी अध्यक्षको स्वविवेकले अवस्था हेरी बढीमा रु. १० हजार र सो भन्दा बढीको हकमा गाउँकार्यपालिकाको निर्णयानुसार आवश्यक राहत उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२:

मिति २०७४/०४/१५ गते बसेको गाउँ कार्यपालिका बैठकले गरेका सम्पुर्ण नीतिगत निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३:

गाउँ कार्यपालिकाको मिति २०७४/०५/०९-११ गते सम्म बसेको गाउँपालिकाको योजना तर्जुमा बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

बलबहादुर गरुङ

निर्णय नं. ३४:

यस गाउँपालिका अन्तरगत् गत विगत लामो समयदेखि भोगचलनमा ल्याईएका, विगतमा नापी भई हाल सम्म जग्गाधनी प्रमाणपुर्जा उपलब्ध नभएका र नापी नक्शा हुन बाँकी रहेका सम्पुर्ण प्रति आवादी जग्गाहरुको नियमानुसार सम्बन्धित व्यक्ति वा संघ संस्थाहरुको नाउंमा नापी दर्ता गरि स्वामित्व प्रदान गर्न तर्फ आवश्यक कारबाहीकालागि नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५:

यस गाउँपालिकामा खानेपानीको क्षेत्रमा कार्यरत् निकाय "ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना" बाट प्राप्त सहयोग तथा प्रभावकारी रुपमा सञ्चालित कार्यक्रमको उच्च मूल्याङ्न गर्दै, परियोजनाबाट हाल लक्षित बार्षिक कार्यक्रम तथा बजेट, स्थानीय माँग/आवश्यक्ता तथा बिकट भौगोलिक क्षेत्र र करिब ४ हजार घरधुरी रहेको समुदाय संख्याको तुलनामा अपुग भई परियोजना तथा स्थानीय तहको अपेक्षित लक्ष्य प्राप्तीमा ज्यादै लामो समय लाग्ने देखिएकोले, उक्त कार्यक्रममा थप बजेट व्यवस्थापन गरि कार्यक्रम बिस्तारकोलागि परियोजना सहयोग इकाई डडेल्धुरा मार्फत् सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६:

यस गाउँपालिकाको समग्र विकासका लागि शिक्षा, सञ्चार, स्वास्थ्य, पर्यटन, सडक यातायात, वन वातावरण, उर्जा आदी सम्पुर्ण क्षेत्रको बिस्तृत् अध्ययन गरि बिषय बिज्ञहरुको सहयोग तथा परामर्शमा गाउँपालिकाको बिस्तृत् गुरुयोजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ३७:

यस गाउँसभामा प्रस्तुत् नीति तथा कार्यक्रमको बुँदा नं. २३ मा उल्लेखित देहाय बमोजिमका दीर्घकालिन योजना तथा कार्यक्रमहरु स्वीकृत तथा कार्यान्वयन गराउने सम्बन्धमा गाउँ कार्यपालिका स्तरबाट थप आवश्यक पहल गर्न पदाधिकारीहरुलाई निर्देशन सहित, ती योजना तथा कार्यक्रमहरु नेपाल सरकारको राष्ट्रिय योजना किताबमा समाबेश गरि यथासक्य शीघ्र कार्यान्वयनकालागि नेपाल सरकारका सम्बन्धित सबै मन्त्रालय तथा विभाग/निकायहरुमा हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

निम्न:

१. गाउँपालिका कार्यालय भवन निर्माण, वडा नं. ५.........................................................स्थानीय विकास मन्त्रालय ।

२. गोदामबजार-गाउँपालिका कार्यालय सडकमा पर्ने सुनखोलामा सडकपुल निर्माण, वडा नं. ८ र ५ ..............स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

३. घुम्ती-आलिताल पर्यटन सडकमा पर्ने रंगुन नदीमा पुल निर्माण, वडा नं. ८ र ३.......................... स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

४. गैरा-गाड्खेत-आलिताल सडक निर्माण, वडा नं. १,२,३ र ५....................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

५. जालटुँडा-बेलभाडी ग्वान्नी सडकमा पर्ने रज्यौडा खोलामा सडकपुल निर्माण, वडा नं. ४ ............. स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

६. घुम्ती-आलिताल-चौडबण्डले-सेला-चिरकिट्टे कृषि सडक निर्माण, वडा नं. ३ ............................ स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/ विभाग ।

७. साहुखर्क-काफली-उणिकोट कृषि सडक निर्माण, वडा नं. २................................स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ।

८. घरेलु-खिन्नेभाडी-सलेता सडक निर्माण तथा स्तरोन्नति कार्य, वडा नं. ४, ६ र ७..................... स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) + भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

९. रंगुननदी, सुनखोला, डायनीखोला, गोरियाखोला, रज्यौडा खोला, घरेलु खोला नदी नियन्त्रण तथा तटबन्ध सम्बन्धी गुरुयोजना निर्माण तथा कार्यान्वयन, वडा नं. ३, ४, ५, ७ र ८ .............. सिंचाईं मन्त्रालय/जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग ।

१०.गाउँपालिका सदरमुकाममा २५ शैयाको अस्पताल निर्माण............................................ स्वास्थ्य मन्त्रालय/विभाग ।

११. गाउँपालिका सदरमुकाममा सुविधा सम्पन्न सभाहल निर्माण.................................शहरी विकास मन्त्रालय/विभाग ।

१२. गाउँपालिका सदरमुकाममा खेलमैदान तथा रंगशाला निर्माण.........................................खेलकुद मन्त्रालय/विभाग ।

१३. गाउँपालिका क्षेत्रको सिंचाई सम्बन्धी गुरुयोजना निर्माण तथा कार्यान्वयन .................. सिंचाईं मन्त्रालय/विभाग ।

१४. गाउँपालिकाका सम्पूर्ण टोल/बस्तीहरुमा विद्युतिकरण....................................................उर्जा मन्त्रालय/विभाग ।

१५. गाउँपालिका क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सहितको लेण्डलाईन तथा मोबाईल फोन सेवा सञ्चालन ........सूचना तथा सञ्चार मन्त्रालय/विभाग ।

१६. बुडर -नाइल सडक निर्माण तथा स्तरोन्नति...............................भौतिक योजना तथा यातायात मन्त्रालय/विभाग ।

१७. अलिताल वहुमुखि क्याम्पस स्थापना तथा सञ्चालनको अनुमति लगायत आवश्यक सहयोग ..........नेपाल सरकार, उच्च शिक्षा परिषद ।

निर्णय नं. ३८:

यस गाउँपालिका कार्यालयमा प्राप्त विभिन्न विषयगत् सरकारी निकाय तथा गै.स.स.हरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु स्विकृत गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ३९:

आ.व.२०७४/०७५ का लागि यस आलिताल गाउँपालिकाको स्थानीय कर संकलन तथा सेवा शुल्क सम्बन्धमा नेपालको संविधान २०७२ र आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०७४ अनुसार करका दरहरु देहाय बमोजिम कायम गरी लागू गर्ने निर्णय गरियो ।

१- मालपोत

१० रोपनी भन्दा कम जग्गाको करको दायरा (प्रति रोपनी)

| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | १० | ६ | ५ | ३ |
| खेत | १५ | १० | १० | ७ |

११-२० रोपनी सम्म (प्रति रोपनी)

| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | १५ | १० | ७ | ५ |
| खेत | १७ | १३ | १० | ७ |

२०-३० रोपनीसम्म (प्रति रोपनी)

| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | २० | २० | १५ | १० |
| खेत | २५ | २० | १५ | १२ |

३० रोपनी भन्दा माथि

| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | २५ | २० | २० | १५ |
| खेत | ३५ | ३० | २५ | २० |

२- घरकर

| सि.नं. | घरको किसिम | गाउँमा भएको घरको किसिम | | | बजारमा भएको घरको किसिम | | |
|---|---|---|---|---|---|---|---|
| | | १ तला | २ तला | ३ तला | १ तला | २ तला | ३ तला |
| १ | काठको कच्चि घर खर वा कर्कट पाताले छाएको | ३०।- | ४०।- | ६०।- | ७५।- | १००।- | १२५।- |
| २ | ढुङ्गाको पक्कि घर स्लेट वा कर्कट पाताले छाएको | ७५।- | १००।- | १२५।- | १००।- | १२५।- | १५०।- |
| ३ | ढुङ्गाको वा इटाको पक्की लेन्टर (**RCC**) घर | १००।- | १५०।- | २००।- | २००।- | ३००।- | ४००।- |
| ४ | घर नक्सा पास | रु २ प्रति वर्ग फिट | | | रु ४ प्रति वर्ग फिट | | |
| ५ | घर भाडा | सम्झौता रकमको २ प्रतिशत | | | | | |

३- पंजिकरण तथा सिफारिस दस्तुर

| क्र.स. | विवरण | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | पंजिकरण दर्ता | ५०।- | |
| २ | पंजिकरण प्रतिलिपी | १०० ।- | |
| ३ | नागरिकता सिफारिश | ११० ।- | |
| ४ | नागरिकता प्रतिलिपी | १६०।- | |
| ५ | नाता प्रमाणित | १६०।- | |
| ६ | नाता प्रमाणित फिल्डमा | ५००।- | |
| ७ | चार किल्ला प्रमाणित | २५०।- | |
| ८ | चार किल्ला प्रमाणित फिल्डमा | ५००।- | |
| ९ | जग्गा खरिद बिक्री सिफारिश | ३००।- | |
| १० | अंशवण्डा सिफारिश | ४००।- | |
| ११ | व्यावसाय तथाउद्योग दर्ता सिफारिश | ५००।- | |
| १२ | सहकारी दर्ता | ५००।- | |
| १३ | समुह दर्ता | ३००।- | |
| १४ | लुगा सिउने र काट्ने पसल | १००।- | |

| | | | |
|---|---|---|---|
| १५ | लुगा सिउने, काट्ने र बेच्नेलाई | ५००।- | |
| १६ | चिया,तथा मिठाई पसल | १५०।- | |
| १७ | भोजनालय | ३००।- | |
| १८ | बैंक वित्तिय संघसंस्थाहरु | १०००।- | |
| १९ | दुग्ध व्यबसाय दर्ता | ३०० ।- | |
| २० | दुग्ध डेरी | ५००।- | |
| २१ | औषधी पसल मेडिकल | ५००।- | |
| २२ | सुन चाँदी गहना पसल | ५००।- | |
| २३ | हार्डवेयर छड, सिमेन्ट | ५००।- | |
| २४ | कर्कटपाता, रंगरोगन, बिजुली सामान | ५००।- | |
| २५ | स्टेशनरी पसल (पुस्तकालय) | ५००।- | |
| २६ | पेट्रोल, मेसिनका सामान र मोविल बेच्ने | ५००।- | |
| २७ | फर्निचर बिक्रीपसल | ५००।- | |
| २८ | रेडियो, घडी, टि.बी.सवारी साधन मर्मत पसल | २००।- | |
| २९ | रेडियो, घडी, टि.बी.सवारी साधन बेच्ने | ५००।- | |
| ३० | फोटो ग्राफरको | ५००।- | |
| ३१ | फोटो ग्राफर फोटो सहित कम्प्यूटर | ५००।- | |
| ३२ | पशु औषधालय | २००।- | |
| ३३ | पोल्ट्री फर्म | ५००।- | |
| ३४ | बाखा, गाई, भैसि,बंगुर, एवं पशुपालन फर्म | ५००।- | |
| ३५ | गै.स.स दर्ता वा सिफारिस शुल्क | १०००।- | |
| ३६ | हात हतियार इजाजतको नवीकरण | १५० | |

४- पटके सवारी कर

| क्र.सं. | विवरण | रातो प्लेट | पहेलो प्लेट | कालो प्लेट | विदेशी |
|---|---|---|---|---|---|
| १ | निजी तथा भाडाका जीप, माइक्रो जिप आदि | २५।- | - | ५०।- | १००।- |
| २ | भाडामा चल्ने ट्रेक्टर | ७५।- | | १००।- | २००।- |
| ३ | वस, ट्रक, लोअरी तथा मिनि वस | ० | ५०।- | १००।- | २००।- |
| ४ | डोजर, क्रेन, लोडर, हेविइक्युप्मेन्ट | १५०।- | ० | २००।- | ४००।- |
| ५ | मोटर साइकल तथा स्कुटर | ० | ० | ० | ० |

५-जडिबुटी, काठ तथा ढुङ्गा बालुवा, गिट्टी निकासी कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | तेजपात प्रति के.जी | १।- | |
| २ | रिठा ,, ,, | १।- | |
| ३ | काउलो ,, ,, | २।- | |
| ४ | खोटो ,, ,, | १।- | |
| ५ | साल प्रति क्यूफिट | ५०।- | |
| ६ | सल्ला | १०।- | |
| ७ | अस्ना | १०।- | |
| ८ | जमुना | १०।- | |
| ९ | टुणी | १०।- | |
| १० | सिसम | २५।- | |
| ११ | खयर | १०।- | |

| | | | |
|---|---|---|---|
| १२ | अन्य प्रजातीको काठमा प्रति क्यूफिट | ५।- | |
| १३ | बालुवा, गिट्टी, ढुङ्गा प्रति ट्रक | ४,००।- | गाउँपालिकाभित्र निर्माण हुने योजनाको हकमा ५०% छुट दिइनेछ । |
| १४ | बालुवा, गिट्टी, ढुङ्गा प्रति ट्याक्टर | २००।- | |
| १५ | दाउरा प्रति गाडी | ५००।- | |

६. चल अचल सम्पत्ती सम्बन्धी प्रमाणित गर्दा लाग्ने कर

| क्र.स. | विवरण | ५ लाख सम्म | ५ लाख देखि १० लाख सम्म | १० लाख देखि १५लाख सम्म | १५ लाख देखि २० लाख सम्म | २० लाख देखि माथि |
|---|---|---|---|---|---|---|
| १ | चल अचल सम्पत्ती प्रमाणित | ५००।- | ७५०।- | १,०००।- | १,५००।- | २,०००।- |

७. मदिरा व्यवसाय कर:

| | |
|---|---|
| १ मदिरा पसल दर्ता सिफारिश | रु १५००।- |
| २ मदिरा खुद्रा व्यवसाय नवीकरण | रु ५,०००।- (प्रत्येक वर्ष) |
| ३ मदिरा खुद्रा नयाँ दर्ता | रु १०,०००।- |
| ४ मदिरा थोक नवीकरण शुल्क | रु १५०००।- ( प्रति वर्ष ) |
| ५ मदिरा पसल नयाँ दर्ता | रु ३५,०००।- |

८. व्यापार व्यवसाय कर (वार्षिक)

| क्र.स. | विवरण | ३ लाख सम्म | ५लाख सम्म | ७ लाख सम्म | १० लाख सम्म | १० लाख माथि |
|---|---|---|---|---|---|---|
| १ | खुद्रा पसल | ३५०।- | ५००।- | ७००।- | १,०००।- | १,५००।- |
| २ | फैन्सी पसल | ५००।- | ६००।- | ८००।- | १,५००।- | २,०००।- |
| ३ | होटेल व्यवसाय | ४५०।- | ६००।- | ८००।- | १,५००।- | २,०००।- |
| ४ | हार्डवेयर पसल | ४५०।- | ६००।- | ८००।- | १,५००।- | २,०००।- |
| ५ | कुटानी पिसानी मिल | ३००।- | ५००।- | ७००।- | १,०००।- | १५००।- |
| ६ | कपडा पसल | ५००।- | ६००।- | ८००।- | १,५००।- | २,०००।- |
| ७ | सिलाई कटाई पसल | ३५०।- | ५००।- | ७००।- | १,०००।- | १,५००।- |
| ८ | फोटोग्राफी, मोवाइल तथा कम्प्युटर पसल | ५००।- | ६००।- | ८००।- | १,५००।- | २,०००।- |

बलबहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

निर्णय नं ४०:

प्रदेश नं. ७ को राजधानीको लागि सबै दृष्टीकोणले उपयुक्त सुन्दर पहाडी जिल्ला डडेल्धुरामा राख्न नेपाल सरकार समक्ष मांग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१:

आलिताल गाउँपालिकाको यस ऐतिहासिक प्रथम गाउँ सभा भव्य तथा सभ्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

बलबहादुर गुरुङ
गाउँपालिका अध्यक्ष